# जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं

# काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभाको उद्घाटन सम्पन्न

जिल्ला समन्वय समिति, काठमाडौंका प्रमुख श्री शिवसुन्दर राजवैद्यको अध्यक्षतामा एवं माननीय उप-प्रधान एवं रक्षा मन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यतामा काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभाको समुदघाटन कार्य सम्पन्न भयो ।

कार्यक्रममा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मन्त्री लालवावु पण्डित, काठमाडौं जिल्लाबाट प्रतिनिधि सभा र ३ नं. प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदहरु, काठमाडौं महानगरपालिका लगायत काठमाडौंका अन्य नगरपालिकाका प्रमुख एवं उपप्रमुखहरु, ललितपुर र भक्तपुरका जिल्ला समन्वय समितिका प्रमुख एवं उपप्रमुखहरु, सुरक्षा निकायका प्रमुखहरु, कार्यालयका प्रमुखहरु, जि.स.स. पदाधिकारीहरु, जिल्ला स्थित राजनैतिक दलका प्रतिनिधिहरु जिल्ला समन्वय समिति/जिल्ला प्राविधिक कार्यालय काठमाडौं, काठमाडौं महानगरपालिकाका कर्मचारीहरु, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरु, विभिन्न संचार माध्यमका प्रतिनिधिज्यूहरु लगायतको उपस्थिति रहेको थियो ।

उद्घाटन सत्रमा जिल्ला समन्वय समितिका उपप्रमुख श्री सरिता दाहालले स्वागत गर्नु भएको थियो भने कार्यक्रम संचालन जिल्ला समन्वय अधिकारी श्री गोपाल कुमार अधिकारीले गर्नु भएको थियो ।

उक्त अवसरमा प्रमुख अतिथि तथा विशिष्ट अतिथिज्यूबाट गैरसरकारी संस्थाहरुको तर्फबाट महिला कानून तथा विकास मञ्च नेपाल (FWLD)लाई र कर्मचारीहरु मध्येबाट जिल्ला प्राविधिक कार्यालय काठमाडौंका प्रमुख जिल्ला ईन्जिनियर श्री समर वहादुर खनाललाई प्रशंसा-पत्र तथा जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौंका सूचना अधिकारी श्री सीता कार्कीलाई नगद रु. १०,०००।०० सहित प्रशंसा पत्र प्रदान गरिएको थियो ।

कार्यक्रमको उद्घाटन सत्र पश्चात काठमाडौं जिल्लाको दोस्रो जिल्ला सभाको वैठक प्रारम्भ भई विभिन्न प्रस्ताव/एजेण्डाहरुमा छलफल भई देहाय वमोजिमका ५ वटा निर्णयहरु गरियो ।

## दोस्रो जिल्ला सभाको मिति २०७५ असार ३१ गते वसेको वैठकबाट भएका निर्णयहरु :

### निर्णय नं. १ :

काठमाडौं जिल्लाको जिल्ला सभाको वैठक संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

### निर्णय नं. २ :

आगामी २०७५ श्रावण १ गतेबाट ढुंगा, गिट्टी, वालुवा लगायत प्राकृतिक स्रोतको कर संकलन सम्वन्धित नगरपालिकाले गर्ने ।

- प्रदेशले दर निर्धारण गरेपछि सोही दरमा उठाउने । प्रदेशले दर निर्धारण नगरेसम्म जिल्ला समन्वय समितिले आ.व. २०७४/०७५ मा लागू गरेको दरमा कर उठाउँदै गर्ने ।
- नगरपालिकाहरुले यस्तो कर असुली ठेक्का मार्फत गर्ने । सोका लागि ठेक्का प्रकृया अविलम्व अगाडि वढाउने । ठेक्का प्रकृया सम्पन्न भई सम्झौता भए पश्चात सोही वमोजिम र ठेक्का सम्झौता भई नसकेसम्म को लागि अमानतमा उठाउँदै गर्ने ।
- **गैरकानूनी ओसारपसार नियन्त्रण र अनुगमन :**

➢ नगरपालिकाले अमानतमा उठाएको भए नगरपालिका स्वयंको रसिद नलिई र न.पा.ले ठेक्का लगाएको भए नगरपालिकाबाट स्वीकृत प्राप्त ठेकेदारको बिल नलिई ढुंगा, गिट्टि, बालुवा लिई गुडेको सवारी साधन नियन्त्रणमा लिई कारवाहीका लागि जि.स.स.मा पठाईदिन जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसर काठमाडौंलाई अनुरोध गर्ने ।

| क्र.सं. | साधन | पहिलो पटक | दोहोरिएमा |
|---|---|---|---|
| १ | ट्याक्टर | ५०००.०० | १००००.०० |
| २ | छ चक्के ट्रक/ट्रिपर | १२०००.०० | २००००.०० |
| ३ | १० चक्के ट्रक/ ट्रिपर | १८०००.०० | २५०००.०० |

जरिवानाबाट असुल भएको रकमको ४०% रकम पुरस्कार स्वरुप सम्बन्धित प्रहरीलाई उपलब्ध गराउने ।

जरिवाना असुल भएको रकमबाट पुरस्कार दिई बाँकी रहेको रकम जि.स.स.ले प्रशासन, प्रहरी र न.पा.हरुसंग आवश्यक समन्वय गरी अनुगनमा खर्च गर्ने ।

## निर्णय नं. ३ :

चालू आ.व. २०७४/०७५ मा काठमाडौं जिल्ला समन्वय समितिबाट संकलन भएको प्राकृतिक स्रोत वापतको रकम वांडफांड गर्न तय गरिएको दर ३ नं. प्रदेश सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४ :

जि.स.स. काठमाडौंका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हाल कायम गरिएको दरवन्दी अत्यन्त न्यून रहेको । दरवन्दी अनुसारका कर्मचारीहरुबाट समन्वय र अनुगमनलाई प्रभावकारी वनाउन नसकिने भएकाले हालको अन्तरिम दरवन्दी पुनरावलोकन गरी गर्न नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५ :

वांकी प्रस्ताव/एजेण्डाहरुमा छलफल गर्न आगामी वैठक २०७५/०४/१४ गते दिनको १.०० वजे जि.स.स. सभाहलमा वस्ने गरी आजको वैठक स्थगित गर्ने निर्णय गरियो ।

*-समाप्त-*